# पाहालाई जथाभावी नमारौं, बरु यिनको संरक्षण गरौं।

# STOP INDISCRIMINATE KILLINGS OF THE PAHA! INSTEAD HELP FOR THEIR CONSERVATION

## पाहा किन संरक्षण गर्ने ?

१. पाहाको चेपागाँडाले जैविक फोहोर खाई पानी सफा राख्दछन् ।
२. पाहाले लामखुट्टे, झिंगा तथा अन्य हानिकारक कीरा फट्याङ्ग्राहरूलाई खाएर प्रकृतिमा तिनको संख्या नियन्त्रण गर्दछन् ।
३. माछा, छेपारो, सर्प, चरा र स्तनधारी जीवहरूका लागि पाहाहरू खानाको महत्वपुर्ण श्रोत हुन् ।
४. पाहाहरू आफ्नो वरपर भएको वातावरणको जैविक सूचक हुन्, अर्थात वातावरण शुद्ध वा दूषित कस्तो छ भन्ने कुराको जानकारी दिन्छन् ।
५. चिकित्सा विज्ञानमा प्राप्त भएका नोबेल पुरस्कारहरू मध्ये १० प्रतिशत भ्यागुतोहरूमा गरिएको अनुसन्धानबाट सफल भएका हुन् ।



हरियो पाहा



मन पाहा

**बासस्थानको नाश, किटनाशकको जथाभावी प्रयोगले जल-थलमा प्रदूषण, अवैध शिकार, संरक्षण चेतनाको कमी, जलवायु परिवर्तन आदि कारणले पाहाहरू घट्दै गएका छन् ।**

## पाहाको संरक्षण कसरी गर्न सकिन्छ ?

१. पाहालाई जथाभावी नमारौं, यसो गर्नु गैरकानुनी हो ।
२. बाली नालीमा किटनाशक औषधीको प्रयोग भरसक नगरौं, गर्नै परे धेरै कम गरौं ।
३. पाहाको बासस्थान वरपर फोहोर नफालौं ।
४. घर, बगैंचा, स्कूल इत्यादि जस्ता ठाँउको वरपर भएका पोखरीहरूको संरक्षण गरौं ।
५. पाहा/भ्यागुतोको संरक्षणको महत्वबारे सबैलाई जानकारी गराऔं ।



हरियो पाहा



रातो पाहा




अवधारणाः बिराज श्रेष्ठ,
सनेज प्रसाद सुवाल
तस्वीरहरूः बिराज श्रेष्ठ